# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

प्रदेश नं.३, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं.: ०७९/०८०

च.नं.: ४११ (खेलकुद)

मिति : २०७९/१०/१९

विषयः- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

श्री प्रधानाध्यापक/प्रिन्सिपलज्यू

सबै विद्यालय (सामुदायिक/संस्थागत) हरु

चन्द्रागिरि नगरपालिका,काठमाडौं ।

प्रस्तुत विषयमा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति चन्द्रागिरिको मिति २०७९।१०।१६ को निर्णयानुसार यस नगरपालिकाको आयोजनामा मिति २०७९।११।०२ गतेबाट शुरु हुन गैरहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश हुने खेल ईभेन्टहरु र प्रतियोगिता सञ्चालन हुने स्थान तर्पसिल बमोजिम रहेको जानकारी सहित यस नगरपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरुलाई उक्त प्रतियोगितामा सक्रिय सहभागितका लागि आ-आफ्ना विद्यार्थीहरुलाई भाग लिने सम्बन्धित खेलमा अभ्यास गराई तयारी अवस्थामा राख्नु हुन अनुरोध गरिन्छ ।

तपसिल :

**१.प्रतियोगितामा समावेश हुने खेल इभेन्टहरु (सबै खेलमा छात्रा र छात्रहरुलाई अलग-अलग प्रतिस्पर्धा गराइनेछ)**

क) भलिवल  ख) एथलेटिक्स  ग) मार्सल आर्ट (उसु बाहेक)  घ) कबड्डी

**२.प्रतियोगिता सञ्चालन हुने स्थानहरु-**

क) भलिवल- न्यू डायमण्ड एकेडेमी पुरानो नैकाप
ख) एथलेटिक्स- दशरथ रंगशाला र नैकाप फुटबल ग्राउण्ड
ग) मार्सल आर्ट-धन बहादुर स्मृति प्रतिष्ठान, बोसीगाऊँ
घ) कबड्डी- ब्राइटफ्युचर मा.वि. स्कुल नैकाप ।

**३.प्रतियोगितामा सहभागी हुने विद्यार्थी सम्बन्धी विशेष व्यवस्था-**

क) चालु शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका विद्यार्थीहरु ।
ख) सहभागी खेलाडीले दुई ट्र्याक एक फिल्ड वा एक ट्र्याक दुई फिल्डमा भाग लिन पाउनेछ ।
ग) अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी नगराइने ।
घ) गैर विद्यार्थी र १८ वर्ष भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिन नपाउने ।
ङ) सहभागी विद्यार्थीको उमेरको विषयमा कुनै विवाद भएमा नागरिकता प्रमाण पत्र प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को अन्तिम परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिने ।
च) मार्सल आर्ट भन्नाले सितोरियो कराते र तेक्वान्दो भन्ने बुझ्नुपर्दछ ।

कर्ण बहादुर भुवाजी
अधिकृत दर्जा